दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १७० | बुटवल | २०८३ असार ०९ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday Jun 23, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं.
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## सम्पत्ति शुद्धीकरण अनुसन्धानमा पौडेल पक्राउ



बुटवल । नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल पक्राउ परेका छन् ।

पूर्व अर्थमन्त्री समेत रेहका उनलाई सम्पत्ति शुद्धीकरण विभागले पक्राउ गरेको हो । पौडेललाई पक्राउ गरेर थप अनुसन्धान अघि बढाइएको प्रहरी स्रोतले बताएको छ । उनले गरेको सेयर कारोबार र सम्पत्तिको स्रोत शंकास्पद रहेको भन्दै अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको विभाग सम्बद्ध उच्च स्रोतले जनाएको छ ।

पौडेल पार्टी कार्यक्रमका लागि सुर्खेत पुगेका थिए । उनलाई सुर्खेतबाट पक्राउ गरेर काठमाडौं ल्याउन लागिएको प्रहरी उच्च स्रोतले जनाएको छ । एमालेले अहिले सबै प्रदेशमा पार्टी पुनर्गठन सुझाव संकलन गरिरहेको छ ।

उनलाई कार्यक्रमस्थलबाटै पक्राउ गरिएको हो ।

### पासपोर्ट खरिदमा भ्रष्टाचार :
## १८ जनाविरुद्ध मुद्दा

बुटवल । पासपोर्ट खरिद प्रकरणमा भ्रष्टाचार भएको निष्कर्षसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा २० जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

राहदानी विभाग महानिर्देशक तिर्थराज अर्यालसहित १६ जना व्यक्ति र २ कम्पनीलाई प्रतिवादी बनाएर अख्तियारले मुद्दा दायर भएको हो । विशेष अदालतको सूचना अधिकारी पार्वती हितानीका अनुसार, अख्तियारले १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४७७ रुपैयाँ बिगो दाबी गरेको छ ।

अख्तियारले महानिर्देशक अर्याल, निर्देशक सुनिल केसी, लेखा अधिकृत तुलसी आचार्य, निर्देशक शत्रुधन शर्मा पोखरेल र रवीन्द्र राजभण्डारी, उपसचिवहरू राजाराम दाहाल, भेषप्रसाद भुर्तेल, पुस्कर नेपाल, अधिकृत सोमेश थापा, आइटी अधिकृत विपिन प्रसाईं, नेपाली सहजकर्ता सिद्धार्थ थापा र मणिन्द्रराज मल्ललगायत १६ जना व्यक्तिविरुद्ध मुद्दा दायर भएको छ ।

त्यस्तै, दुई कम्पनीलाई पनि यो मुद्दामा अख्तियारले प्रतिवादी बनाएको हो । प्रतिवादीमध्ये १० जना कर्मचारी छन् । राहदानी छपाइमा भएको अनियमितताको विषयमा सोधपुछ गर्नका लागि तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवालाई पनि अख्तियारले बोलाएको थियो ।

तर, मुद्दा अभियोजनमा उनलाई प्रतिवादी भने बनाइएको छैन । त्यस्तै, पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग पनि अख्तियारले बयान लिएको थियो । पासपोर्ट ठेक्का प्रकरणमा जोडिएका जर्मन कम्पनीका नेपाल प्रतिनिधि सिद्धार्थ थापा र मनिन्द्र राज मल्लविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सिद्धार्थ पासपोर्ट ठेक्का लिने जर्मन कम्पनी भेरिडोसका नेपाल प्रतिनिधि हुन् । सिद्धार्थ कांग्रेस सांसद सुनीलबहादुर थापाका छोरा समेत हुन् । त्यस्तै मल्ल जर्मन कम्पनी म्यूलबैरका नेपाल प्रतिनिधि हुन् । मल्ललाई अख्तियारले पक्राउ गरिसकेको छ । थापा भने सम्पर्कविहीन छन् ।

## जनप्रतिनिधिलाई कानुनभन्दा माथि राख्ने प्रयास गलत : आङदेम्बे



बुटवल । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले चिया तथा अलैंची क्षेत्रको समस्याप्रति राज्य गम्भीर बन्न नसकेको बताएका छन् । इलाम नगरपालिकाको नगरसभामा सम्बोधन गर्दै मुलुकमा विदेशी ऋणको चर्चा भइरहेका बेला करिब १४ अर्ब रुपैयाँ बराबरको चिया उत्पादन गोदाममा थन्किएको र बिस्तारै नष्ट हुँदै गएको भन्दै सरकारको ध्यानाकर्षण गराए । चिया निर्यातमा देखिएको अवरोध समाधान गर्न राज्यले प्रभावकारी कूटनीतिक पहल गर्न नसकेको आरोप लगाए ।

उनले भने-'चिया मजदुर, किसान, उद्यमी र व्यवसायीहरू समस्यामा परेको उल्लेख गर्दै उत्पादन भएर पनि बजार नपाउँदा ठुलो आर्थिक क्षति भइरहेको छ । विगतमा म संविधानसभा सदस्य तथा उद्योग तथा वाणिज्य समितिको सभापति रहँदा चिया क्षेत्रको विकासका लागि प्रयास गरेको हुँ ।

उनले इलामसहित पूर्वी पहाडी क्षेत्रमा उत्पादन हुने अलैंचीको पनि चर्चा गर्दै देशको ७०-८० प्रतिशत अलैंची उत्पादन यही भूगोलमा हुने बताए । तर सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटले चिया तथा अलैंची किसानलाई प्रोत्साहन गर्ने, बजार सुनिश्चित गर्ने र व्यावसायिक अवसर विस्तार गर्ने विषयलाई पर्याप्त रूपमा सम्बोधन नगरेको उनले आरोप लगाए । प्रदेश र संघबाट पर्याप्त स्रोत तथा बजेट नपुग्दा स्थानीय तह र वडा तहका जनप्रतिनिधिहरूले जनअपेक्षाअनुसारका विकास तथा सामाजिक कार्यक्रम सञ्चालन गर्न कठिनाइ भोगिरहेको बताए ।

उनले जनप्रतिनिधिलाई कानुनभन्दा माथि राख्ने प्रयास भएको जनाए । जनप्रतिनिधि छुट्टै टापुको जस्तो गरेर विशिष्ट व्यक्तिको रूपमा चित्रित गर्न खोजेपछि आफूहरूले विरोध जनाएको बताए ।

उनले भने-'कानुनले सबै जनप्रतिनिधिहरू बाँधिनुपर्छ । त्यो कुराको अन्तिम व्याख्या गर्ने जिम्मा सभामुखलाई दिएको छ, यसले सभामुखको मर्यादालाई थप निरङ्कुश बनाउँछ भन्ने चिन्तामा हाम्रो विरोध हो । तर त्यो विरोध पनि अन्तिममा बहुमतले निर्णय गरेको तपाईंहरूले प्रत्यक्ष देखिराख्नुभएको छ । यद्यपि यस विषयमा हाम्रा लडाइँ अहिले पनि जारी छ ।'

### भारतीय अवरोधले नेपाली चिया उद्योग संकटमा :
# छिटो समस्या समाधान गर्न उद्योगीले गुहारे सरकार

भारतीय अवरोधले कोलकाता र इलामको गोदाममा १३ लाख किलोग्राम नेपाली चिया थन्किएको छ ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली चिया निर्यातमा भारतको अवरोधपछि चिया उद्योग गम्भीर संकटमा परेको छ । यसैबिच उद्योगीहरूले समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि र उद्योग मन्त्रालयमा पुगेर उद्योगी र किसानले चिया निर्यात खुलाउन तत्काल कूटनीतिक पहल गर्न अनुरोध गरेका छन् । सूर्योदय अर्थोडक्स चिया उत्पादक संघको अगुवाइमा ज्ञापन पत्र बुझाइएको हो ।

भारतीय पक्षले नेपाली चियाको प्रत्येक खेप (कन्साइनमेन्ट) को अनिवार्य नमूना संकलन र प्रयोगशाला परीक्षण गर्नुपर्ने झन्झटिलो व्यवस्था गरेकोले समस्यामा परेको उद्योगीहरूको भनाइ छ ।

नयाँ व्यवस्थामा प्रत्येक खेपको विवरण भारतीय चिया परिषद्को पोर्टलमा दर्ता गर्नुपर्ने, परीक्षण शुल्क तिर्नुपर्ने र रिपोर्ट नआउन्जेल चिया बिक्री वा वितरण गर्न नपाइने । दुई हप्तामा आउने भनिएको रिपोर्ट आउन महिनौं लाग्ने गरेकोले निर्यात ठप्प भएको उनीहरूले बताएका छन् ।

संघका अनुसार भारतीय अवरोधका कारण हाल करिब ३ लाख केजी नेपाली चिया कोलकातामा रोकिएको छ भने थप १० लाख किलोग्राम तयारी चिया नेपालकै विभिन्न गोदामहरूमा थन्किएको छ ।

उनीहरूले मुख्यगरी ४ माग पेश गरेका छन् । जसमा उच्चस्तरीय कूटनीतिक पहल गरी भारतीय सरकार र सम्बन्धित निकायसँग तत्काल संवाद गरी निर्यातमा देखिएको अवरोध हटाउनुपर्ने पहिलो माग छ ।

यस्तै अन्तर-सरकारी संयन्त्र बनाउन माग गरिएको छ । नेपाल र भारतबीच चिया व्यापारका प्राविधिक र नियामकीय विषय समाधान गर्न स्थायी द्विपक्षीय संयन्त्र स्थापना गर्नुपर्ने उद्योगीहरुको माग छ ।

यस्तै प्रयोगशाला परीक्षणको पारस्परिक मान्यता दिन नेपाली उद्योगीको माग छ । दुवै देशका प्रयोगशालाको रिपोर्टलाई एक-अर्काले मान्यता दिने व्यवस्था मिलाई दोहोरो परीक्षणको झन्झट हटाउनुपर्ने तेस्रो माग छ ।

यस्तै स्वदेशी उद्योगको संरक्षण गर्न उद्योगीले माग गरेका छन् । चिया किसान र उद्योगीको हित संरक्षणका लागि विशेष नीतिगत र कूटनीतिक सहयोग उपलब्ध गराउनुपर्ने उद्योगीहरुको माग छ ।

भारतको नयाँ नियमले परीक्षण शुल्क, गोदाम खर्च, ढुवानी अवरोध र ट्रक पार्किङ शुल्कका कारण उत्पादन लागत बढेको उद्योगीहरू बताउँछन् । यसले अन्तर्राष्ट्रिय बजारमा नेपाली चियाको प्रतिस्पर्धात्मक क्षमता घटाएको र भारतीय सीमामा पुगेर परीक्षणमा 'असफल' घोषित भई फिर्ता आउने चिया ल्याउन समेत कठिन हुने गरेकाले व्यवसायीहरू ठूलो जोखिममा रहेको ज्ञापन पत्रमा उल्लेख छ ।

उद्योगीहरूसँगै सिंहदरबार छिरेका इलाम २ का प्रतिनिधिसभा सदस्य सुहाङ नेम्वाङले सरकारी निकायबाट समाधानका लागि कुटनीतिक पहल भइरहेको जानकारी प्राप्त भएको बताए ।

'चिया निर्यात तत्काल खुलाउनुपर्ने अवस्था छ । हजारौंको रोजीरोटी र देशकै अर्थतन्त्रसँग गाँसिएको नेपाली चियाको उत्पादन, प्रवर्द्धन र निर्यातमा देखिएका कानुनी र नीतिगत जटिलताबारे सरकारको ध्यानाकर्षण गराएका छौं । आशा छ छिट्टै समाधान हुनेछ ।'-उनले भने ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार आर्थिक वर्ष २०८०/८१ (२०२३/२४) मा नेपालले करिब १ करोड ६५ लाख किलो (१६.५ मिलियन किलो) चिया निर्यात गरेको थियो । यसबाट करिब ३ अर्ब ६३ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन भएको थियो ।

आर्थिक वर्ष २०८१/८२ को चैतसम्म मात्र १ करोड ३० लाख किलोभन्दा बढी चिया निर्यात भएको थियो भने निर्यात मूल्य ३ अर्ब ५७ करोड रुपैयाँ पुगेको छ ।

नेपालमा चिया खेती भएको क्षेत्रफल २० हजार ७६० हेक्टर, वार्षिक प्रशोधित चिया उत्पादन करिब २ करोड ७० लाख किलोग्राम, चिया उत्पादक किसान संख्या १५ हजार २०३ जना र नेपालको चिया उद्योगले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब ६० हजार जनालाई रोजगारी दिएको छ । यसमा बगान मजदुर, प्रशोधन उद्योगका कर्मचारी, ढुवानी, प्याकेजिङ तथा व्यापार क्षेत्रमा संलग्न जनशक्ति समावेश छन् ।

चिया टिप्ने श्रमिकमध्ये अधिकांश महिला छन्, जसले ग्रामीण महिला रोजगारीमा महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

देशभर १७१ वटा चिया बगान तथा १२० वटा साना तथा मझौला प्रशोधन केन्द्र सञ्चालनमा रहेको तथ्यांक छ ।

सरकारी तथ्यांकमा कुल लगानीको एकीकृत रकम उपलब्ध नभए पनि २० हजार हेक्टरभन्दा बढी क्षेत्रफल, सयौं प्रशोधन उद्योग र १७१ चिया बगानमा गरिएको निजी तथा संस्थागत लगानी अर्बौं रुपैयाँको रहेको उद्योगीहरूको अनुमान छ ।

नेपालको ८८ प्रतिशतभन्दा बढी अर्थोडक्स चिया भारतमै निर्यात हुने भएकाले एकल बजारमा अत्यधिक निर्भरता छ । भारतले हाल गुणस्तर परीक्षणसम्बन्धी कडाइ गरेपछि नेपाली चिया उद्योग संकटमा परेको छ ।

सरकारले चिया निर्यातमा भारतले गरेको नीतिगत अवरोध र उद्योग बन्द हुँदा परेको असर समाधानमा ठोस कदम चाल्न नसकेको उद्योगीहरुको गुनासो छ । रास्वपा सभापति रवि लामिछानेको भारत भ्रमण लगत्तै नेपाली चिया निर्यातमा अवरोध भएको हो ।

## सर्पदंशको उपचार गर्ने भ्याक्सिनको अभाव



बुटवल । सर्पदंशका घटना सबैभन्दा बढी हुने वर्षाको मौसममा देशभर सर्पदंशको भ्याक्सिन (एन्टिस्नेक भेनम) को अभाव भएको छ । अत्यावश्यक जीवनरक्षक औषधिको रुपमा मानिने एन्टिस्नेक भेनम अभावका सर्पदंशको कारण तराईका क्षेत्रसहित देशभर समस्या भएको छ ।

सरकार भने सर्पदंशको उपचारका लागि आवश्यक एन्टिस्नेक भेनमको अभाव नरहेको दाबी गरिरहेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सह-प्रवक्ता तथा वरिष्ठ स्वास्थ्य प्रशासक डा. समीरकुमार अधिकारले सर्पदंशविरुद्धको भ्याक्सिनको उपलब्धतामा चुनौती नरहेको दाबी गरे । उनले भ्याक्सिन आपूर्तिको लागि सम्झौता सम्पन्न भई सप्लायर्सहरूलाई भ्याक्सिन आपूर्ति गर्न भनिसकिएको बताए । उनले रेबिज र सर्पदंशविरुद्धका भ्याक्सिनहरु पाइपलाइनमा रहेको भन्दै अगामी आर्थिक वर्षमा आपूर्ति समस्या नहुने दाबी गरे ।

उनले भने-'सर्पदंश उपचारका लागि आवश्यक पर्ने सर्पदंशसम्बन्धी जुन भ्याक्सिन छ, त्यो भ्याक्सिनको उपलब्धतामा पनि धेरै ठूलो चुनौतीहरू छैनन् । यसमा पनि विश्वव्यापी बजारमा आएको मूल्य वृद्धि, मुद्रास्फीति सबैसँग जोडिएका विषयहरू रहने भए, यसमा चाहिँ अब यो हामीले विगतमा समयमै टेन्डर गरेर उपलब्ध हुन अलिकति गाह्रो भएको अवस्थामा अहिले टेन्डर भएर टेन्डर पनि फाइनल भएर सम्झौताका लागि जसले सप्लाई गर्नुहुन्छ, उहाँहरूलाई समन्वय गरेर उपलब्ध गराउनका लागि भनिसकिएको छ ।'

उनले थपे-'१३ हजार २ सय भायल जति चाहिँ आउने पाइपलाइनमा छ, त्यो अगाडि बढ्छ । अहिले पनि हामीसँग स्टोरहरूमा शून्य नै भएको अवस्था होइन । हामी कहाँ एन्टीरेबिज भ्याक्सिनहरू पनि केही मात्रामा छन् र आउने पाइपलाइनमा अहिले हिजो मात्रै पनि आएर अगाडि बढेको अवस्था छ भने एन्टिस्नेक भेनमको हकमा पनि सर्पदंश भइसकेपछि लगाउने जुन खोप छ, त्यो खोप त्यो औषधि पनि हामीसँग उपलब्ध छ । विभिन्न सर्पदंश उपचार गर्ने केन्द्रहरूमा पनि उपलब्ध रहेको छ ।'

डा. अधिकारले एन्टीरेबिज भ्याक्सिनलगायत अत्यावश्यक औषधिको आपूर्तिमा समस्या देखिएपछि सरकारले सार्वजनिक खरिद प्रक्रियालाई सहज बनाउन कानुनी व्यवस्था परिमार्जनको काम सुरु गरेको बताए ।

मनसुनको समयमा विशेषगरी तराई-मधेसका जिल्लाहरुमा सर्पदंशका घटनाबाट वर्षेनी सयौं नागरिकले अकालमै ज्यान गुमाउने गरेका छन् । यही गम्भीर्यतालाई मध्यनजर गरी सरकारले अगामी आर्थिक वर्षमा भ्याक्सिनको अभाव हुन नदिने गरी कार्य गरिरहेको अधिकारीको भनाइ छ ।



## सम्पादकीय

# बर्डफ्लुविरुद्ध नियन्त्रण अभियान

काठमाडौं उपत्यकामा बर्डफ्लु फैलिएपछि नियन्त्रणको प्रयास थालिएको छ। पशुसेवा विभागले सोमबार पशु प्राविधिकहरूको चार टोली परिचालन गरी बर्डफ्लु पुष्टि भएका फर्महरुमा कुखुरा र हाँसहरु नष्ट गरेको छ।

काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुरमा एकैपल्ट धेरै स्थानमा बडफ्लु फैलिएपछि नियन्त्रणमा कठिनाइ भएको बताइएको छ। उनीहरुका अनुसार, अहिलेसम्म उपत्यकामा ५० भन्दा बढी स्थानमा बर्डफ्लु फैलिसकेको छ। यो अत्यधिक संख्या हो। अझै सानादेखि ठूला फर्ममा बर्डफ्लु फैलिएको हुन सक्ने देखिन्छ। फागुनमा पूर्वी नेपालबाट सुरु भएको प्रकोप अहिले उपत्यकाको सदर चिडियाखानालगायत तीनै जिल्लाका विभिन्न स्थानमा फैलिएको पुष्टि भइसकेको छ। संक्रमणबाट चिडियाखानामा रहेका दुर्लभ गिद्ध, लाटोकोसेरो, राजहाँस, सारसलगायत दर्जनौं पन्छी मरिसकेकाले बर्डफ्लुका बारेमा बेलैमा सर्तकता अपनाउन नसकेको पाइन्छ। जिम्मेवार निकायले बेलैमा सर्तकता अपनाउन नसक्दा चिडियाखानामा दुर्लभ पशुपंक्षी मरे। बर्डफ्लु उपत्यका बाहिर पनि फैलिएको हुनसक्छ।

सरकारले सामान्यतया प्रकोप प्रभावित फार्महरूमा सबै पन्छी, पन्छीजन्य उत्पादन र दाना नष्ट गर्ने, स्थान सिल गर्ने र ४२ दिनसम्म आवतजावतमा रोक लगाउने गर्छ। बाँकी जंगली चराहरू वा जनावरहरूको हकमा भने कुखुरामा जस्तै नियम लाग्दैन। उनीहरु खुला आवतजावत गर्छन्। उनीहरु कसैको नियन्त्रणमा रहँदैनन्। शंकाको आधारमा सबै पंक्षीलाई मार्ने निर्णय गर्नु पनि जायज होइन्। तर चिडियाखानामा धमाधम गिद्धलगायतका पंक्षी मरेपछि बेलैमा सर्तकता अपनाउनु पर्दथ्यो।

एभियन इन्फ्लुएन्जा भाइरसहरू ए (एच फाइभ एन वान), ए (एच नाइन एन टु), ए (एच नाइन एन एकस) आदि जसलाई बर्डफ्लु भाइरस पनि भनिन्छ। यो अत्यन्त घातक भाइरस हुन्, जसको संक्रमणबाट मुख्य रूपमा घरेलु कुखुरा, हाँसलगायत प्रभावित हुन्छ।

नियन्त्रणका लागि पहलकदमी लिएर काम गर्दा बर्डफ्लुलाई नियन्त्रण गर्न सकिन्छ। कमजोर नियन्त्रणको प्रयास हुँदा बर्डफ्लु प्रत्येक भान्सामा पुग्न सक्छ, यदि त्यसो भयो भने त्यसले समाजमा जोखिम बढाउने छ। तहगत सरकारको संयोजन मिलाएर बर्डफ्लु नियन्त्रणको काम ढिलाइ गर्न हुन्न। स्थानीय तहले जनचेतनामूलक अभियान चलाउने, प्रदेशको पशु कार्यालयहरुले नियन्त्रणका लागि संघीय सरकारको युनिटसँग सहकार्य र समन्वय गर्न सक्दा नियन्त्रणको काम छरितो र प्रभावकारी हुनसक्छ।

# प्रशासन : अनुशासन र सुशासन


अच्युतप्रसाद पौडेल

पूर्वाधारहरु नष्ट भएका र तिनलाई पुनर्जीवन दिन पनि करको मार र भार थपिएको छ। पङ्क्तिकारले केही फोरमहरुमा वक्ताहरुबाट सुन्ने गरेको छ- सरकार आलो, काँचो, ठेट्नाहरुको हातमा गएको अनेक गुनासाहरु सुन्ने गरेको छ। कतिपय फोरमहरुमा नेतृत्व जेलेन्स्की हुन्छ भन्दै औंला तेर्स्याइएको देखेको छ। अतः बालेन सरकार परिपक्व भई सही तरिकाबाट शासनलाई अनुशासन र सुशासनमा राख्न सकोस्, यही सुझाव छ।

बालेनले महानगर बस्दा सुशासन चाहे। प्रशासनका हाकिमलाई हाजिरमै वञ्चित गरे, फलतः सिंहदरबार र महानगरको दूरी बढेको थियो। अहिले बालेन सिंहदरबार छिरे। प्रशासन हाकिमको ढोका बन्द गर्ने सुरक्षाकर्मी पनि सिंहदरबार नै छिरे। परिवेश सधैँ त्यही हुन्छ भन्ने होइन, सधैँ समयले साथ नदेला। उही बालेन र स्वर्णिमलाई अहिले सबैतिर तगारो हाल्ने काम सुरु भइसकेको छ, सडक र सदन दुवैतिर विरोधहरु पोखिएको देखिन्छ। मूलतः कच्चा शैलीको आइतबारे बिदाले कर्मचारीको पूरै मनोविज्ञान भत्कायो, विद्यार्थी र अभिभावकको दैनिकी र हातेघडी नै बिगारिदियो।

नेतृत्वको मेसिनरी भनेको कर्मचारी संयन्त्र नै हो। कर्मचारीमा पुरानो मनोवृत्ति गएको रहेनछ। नाकामा आइनपुगेको गाडीको जाँच पास गर्दै भन्सारका कर्मचारीले आफ्नो कर्तव्य पूरा गरिदिएछन्। कोरोला, मुस्ताङ, रसुवागढीबाट सयौँ गाडीको जाँच पास सकिएछ, तुरुन्तै सवारीहरु भने प्रहरी नियन्त्रणमा परेछन्। गृह प्रशासन प्रधानमन्त्रीकै मातहत नभएको भए शायद पहिलेजस्तै गुपचुप नै हुन्थ्यो कि शंकाको सुविधा छ। प्रधानमन्त्री एक्लै कुदेर देश कहीँ पुग्दैन, जहाँको त्यहीँ नै रहन्छ। संयन्त्र गतिलो नभएरै देश अहिलेसम्म पीडैपीडामा रुमल्लिएको हो। छानबिन के-कसो होला, तर बजेटलाई रातमा मुसाले काटेको अतीत हो हाम्रो। बजेट आउँदा कर घटे, भोलिपल्ट बढे, उही राति नाका पास गराउन रक्सौलपारि गाडी ल्याएर राख्ने परम्परा पनि हो। यसमा भन्सारका कर्मचारी मात्रै होइन, अरु धेरै भन्न हुने/नहुनेको सहभागिता रहने गरेको हो। र त राजनीतिकर्मी र कर्मचारी रातारातै धनी हुने गरेका थिए। अर्को कुरा, अतीतमा के पनि भएको हो भने, बाहिरबाट आएका बहुमूल्य रत्न-सुनहरु भन्सारको सेटिङ परिवर्तन भए पक्रने, नभए छाड्ने र मेसिनले पनि खास विषय नदेख्ने हाम्रो अतीत हो। अहिलेको सन्दर्भ फरक हुँदा पनि सचिव, राजदूतको माग गर्दै म्यासेज लेख्न नछोड्ने र अरु नाकाका कर्मचारी पुराना बानी नछोड्ने नानीदेखि लागेको बानी नै भन्नुपर्छ। नत्र मरिहत्ते गरेर कर्मचारी अर्थतिर किन जाने, हुलाकतिरै बस्थे त। भूमि प्रशासन जान किन कर्मचारीहरु तम्सिन्छन् ? त्यहीँ जनताको दोहन गर्न पाइन्छ। सादा तलबमा काम गर्न ट्रेड युनियन नै किन चाहिन्थ्यो र ?

रसुवा भन्सारका झन्डै दर्जन कर्मचारी मन्त्रालय तानिए अहिले, कतिलाई कारबाही गर्ने ? सिस्टमले काम नगरेको देशमा सबैतिर यस्तै हुन्छ। सिस्टमले काम गरेको भए सात दशकमा सात थान त्यो पनि निकै खर्चिलो संविधान किन आउँथ्यो, सधैँ परीक्षण र प्रयोगशाला हुने देशमा। उत्तरको गाडी आयात कम होस् भन्ने दक्षिणको चालबाजी अनि त्यसमै बनेको हुन सक्छ बजेटको तारतम्य र देशको राष्ट्रिय नीति विपरीत ईभी गाडीमा भन्सार बढाउने कुरो। तर सूचना लिक भएरै होला, गाडी त पहिले नै जाँचपास भइहालेछ। सार्वजनिक प्रशासनमा अनुशासन भएन, अनुशासन नहुँदा सुशासन, विधिको शासन कोरा कल्पना हुन्छ, विगतदेखि देशमा भएको यही हो।

अहिले प्रशासनमा बढी सन्नाटा छ। १० प्रतिशत तलब वृद्धिले कर्मचारीको कामप्रतिको आकर्षण बढेको छैन। काममा लगनशीलता छैन। राज्यको काम कहिले जाला घाम ! लाए/अराएको काम गर्ने र आफू बच्ने, बस् यति भएको छ। प्रशासनमा उमेरको कुरो, पेन्सनलगायत सुविधा कटौतीको विषयमा चलेको बजार हल्ला र निजामती ऐन वास्तवममा के हो, कस्तो आउने ? यकिन नभएकाले पनि कर्मचारीयन्त्र झन्-झन् कमजोर हुँदै छ, मनोबल नै छैन काम गर्ने। सुधारको जति गुड्डी हाँके पनि दिल दिएर काम गर्ने प्रवृत्ति कतै यो पङ्क्तिकारले भेटेन। लाए/अराएको मात्र काम गर्ने, व्यावसायिक दक्षता नभएको कर्मचारीतन्त्र, जसलाई स्थायी सरकार भनिएको छ, यसको विकास गरेर बालेन सरकारले देशको प्रगति गर्ला ? यो सोच्न गाह्रो छ।

दर्जन वर्षमा दर्जनै प्रधानमन्त्री फेरिने देश हो हाम्रो। अस्थिर राजनीति र अस्थिर प्रशासनमा विकास र समृद्धिको नारा बेकार हुन्छ। र त आँटिला मानिस बसेनन् यहाँ, जोशिला मान्छे गए खाडी र मलेसियामा। रेमिट्यान्सको भोको र विश्वको विप्रेषणमा चलेको देश हो यो, जहाँ पासपोर्टको लागतभन्दा हजारौँ बढीमा बिक्री भई मानिस निर्यात र अधिकांश वस्तु आयात हुन्छ। खाद्यान्न पनि विदेशीले कोटा तोक्नुपर्ने देशले धानको उत्पादन बढाउने लक्ष्य राख्दा कृषिको बजेट घटाएको छ। कृषि उत्पादन, रोजगारी वृद्धि र औद्योगिक उत्पादन बढाउने कार्य योजना आउनुपर्नेमा अहिलेको बजेटले सो ल्याएको छैन। उल्टो आम उपभोक्तालाई करले थिचेको छ। अप्रत्याशित बजेटको दायरा बेलुनजस्तै फुलाएको छ। महानगरले तिहारको फूलमा आयातमा प्रतिबन्ध लाइदिँदा फूल साह्रै महँगो भयो। सवा सय वर्षमा ४ हजार मेगावाट बिजुली उत्पादन गरेर सबै आफू प्रयोग गर्न नसक्ने, प्रयोग हुने विकास र उद्योगधन्दाहरुमा भोटेताल्चा लगाउने अनि अलिकति पनि राहत नदिई भान्छामा बिजुली भ्याट लगाउने देशका नागरिक हामी। स्वदेशप्रिय हुन बेचिएर विप्रेषण तिर्नुपर्ने पनि। कोरा प्रशासन र कुरुप सुशासन बोकेको लोभतन्त्रका पहरेदार हामी। स्वार्थको ऐना हेर्दै अर्काले रातो कार्पेट बिछ्याउँदा मेरो नेता राम्रो भन्ने सचेत मैले आफैँलाई धिक्कार्नुबाहेक मसँग अरु के छ ? त्यहीँ कति सहज छ जीवन चलाउन मलाई, मेरोमा सहज छैन, किन ? मेरो देशमा पानी छ, मसँग बिजुली छ तर यस्तो नहुनेको भन्दा बढी मूल्य मैले तिर्नुपर्ने किन ?

**यसो गरेबापत ऊभन्दा म बढी समृद्ध किन भइन त ?**

मेरो साझा बस, ट्रली बस, इँटा कारखाना, छालाजुत्ता कारखाना, भृकुटी पेपर मिल, गोरखकाली रबर उद्योग, रोजिन एन्ड टर्पेन्टाइन, हेटौँडा सिमेन्ट, बालाजु कपडा उद्योग, उदयपुर सिमेन्ट कारखाना मैले किन चपाएँ ? लुटधन्दा चलाई मैले सबैभन्दा बढी औषधि उपचार र सुरक्षा खर्च अनि आलिसान महल मैले किन रुचाएँ ? सबैतिर राजनीतिको बिउ छर्ने काम मैले किन गरेँ ? मसँग उत्तर छैन। म पाखा लाग्दा पनि मेरो हुङ्कार पाखा लागेको छैन, किन ? बेरोजगार नेपाली, बाकसबन्दीमा खाडीबाट फर्केको शव अनि रोगग्रस्त मनस्थिति, त्यसैमा मैले राजनीति गर्ने र मरेको २ वर्षपछि विपिन फिर्ता ल्याउने म नै त हौँला।

जहाँ अधिक ऋण र व्यापारघाटा छ, अधिक महँगी छ, अझै पनि विप्रेषण चल्ने, भोट नचल्ने उही परम्परा छ। देश लुट्ने क्रममा राजननीतिक ठूला कार्यकर्ताहरुले औषधोपचार १० अर्ब बढी रकम देशलाई नोक्सान पार्ने, जनतालाई भोकमरी र बेरोजगारमा राखेर कोरोनामा समेत कमिसन देख्ने लोभतन्त्र अहिले ढलेको छ। तर देशै ढाल्ने आँधीबेहरी आएर सबैको भागाभाग हुँदा पनि तिनको अहंकार उस्तै रहेको देख्दा अचम्म लाग्छ। सिंहदरबार मात्रै जलेन/ढलेन, अधिकांश प्रशासनयन्त्र रहेका भवनहरु जले/ढले मात्रै होइन, धेरै राजनीतिका अखडा बनेका व्यापारिक मलहरु पनि जले/ढले। जसले अखडा बनाएका थिए, अब तिनले सिँगौरी खेल्न नसक्ने हुँदा पनि सिङ भाँचिएको छैन, जुधिरहेको अवस्था छ। प्रशासन सफा गर्ने क्रममा यत्रा दशकको लगानी बालुवामा हालेको पानी भएको छ। अब त विदेशीहरु पनि थाकिसके, कति खन्याउने भनेर। अनुदान घटेको छ, ऋण तिर्न ऋणै लिनुपरेको छ, कर्मचारी पाल्न पनि।

सिंहदरबारले आम नेपालीलाई सुशासन दिएन। संसद्ले आम जनताको मुद्दा उठाएन। सर्वोच्च अदालतले आम जनतालाई न्याय दिलाउन सकेन। सबैतिर ठेकेदारी उन्मूलन हुन सकेन। भैँसेपाटीमा आलिसान महल बनाउने लोभतन्त्रले बालुवाटारलाई दलको अखडा बनायो। शीतल निवास पनि दलीयकरणमा पर्दा नागरिकता विधेयकमा को सभामुख थिए, पहिले को राष्ट्रपतिले विधेयक रोके, कसरी खुलाइयो तमाम विषय ? आम नागरिकलाई जानकारी छ। उनै शिक्षा-दीक्षा दिँदै छन्, परिवर्तीत सन्दर्भमा पनि। पछिल्लो पाँच वर्षमा देशलाई थपिएको ऋण र व्यापारघाटा, दुई दशकमा आएको उत्पादनको मन्दी र विदेशीहरुले सधैँ देशलाई क्रीडास्थली, फूलबारी बनाएको पनि सबैलाई ज्ञात छ।

समुद्रपारिबाट टेलिफोन आउँदा थर्कमान हुने पराष्ट्र, देशको माटो, गिट्टी बेच्ने राष्ट्रिय बजेट, नदीनाला बेच्ने, असमान सन्धि गर्ने, सम्झौता गरेर पश्चिमबाट घाम आउँछ, समृद्धि ल्याउँछ भन्ने राजनीतिक नारा, देशको नक्सालाई आफैँ राख्ने, अरुलाई नदिने, झुटको राजनीति गरेर विदेशीलाई समेत चिढाउने काम पनि भएकै हो। आयातीत धर्म, संस्कार, मौलिकपनमा बेहोसी, संस्कृति बेचुवा, धर्मछाडा, होलिवाइनका नायकहरुले देशका उद्योगधन्दाहरुलाई स्वाहा पारे। आम जनतालाई बेरोजार बनाए। माटोलाई विषाक्त बनाए। वायुमण्डल बिगारे। खण्डवृष्टि, अनावृष्टि, अतिवृष्टि धेरै यिनकै पालामा भएको छ। पूर्वाधार कुनै समयमा पूरा भएन, गलिरह्यो। हिउँद, वर्षा जनता असुरक्षित रहे। औषधिमूलो पाएनन्। बिमाको भुक्तानी भएन। उखु किसान तड्पिए। चामलका लागि बालुवाटार पुग्नुपर्ने र सधैँ थापाथली मण्डेला जगाउनुपर्ने संघीयता ल्याइयो। टोल-टोलमा राजा बनाइए, जनता रैति बने। एक छाक खान र एक झुम्रो लगाउन खाडी जानुपर्ने बनाइयो। गाउँमा जन्ती-मलामी नहुने र डोजर आतंक गराएर बन, बाटो, कान्ला, खेत, बारी धसे। ठेक्कापट्टाबाट देशलाई सिध्याए, कुरुप बनाए। राजनीतिको चुनाव धेरै महँगो बनाए। फलतः बजार असह्य महँगो हुँदै आएको छ। पूर्वाधारहरु नष्ट भएका र तिनलाई पुनर्जीवन दिन पनि करको मार र भार थपिएको छ। पङ्क्तिकारले केही फोरमहरुमा वक्ताहरुबाट सुन्ने गरेको छ- सरकार आलो, काँचो, ठेट्नाहरुको हातमा गएको अनेक गुनासाहरु सुन्ने गरेको छ। कतिपय फोरमहरुमा नेतृत्व जेलेन्स्की हुन्छ भन्दै औँला तेर्स्याइएको देखेको छ। अतः बालेन सरकार परिपक्व भई सही तरिकाबाट शासनलाई अनुशासन र सुशासनमा राख्न सकोस्, यही सुझाव छ।

समाचारपत्रबाट

# स्वास्थ्य बिमा कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?

**गंगाराम खनाल**

नेपाल सरकारले 'सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा पहुँचयोग्य बनाउने' उद्देश्यका साथ सञ्चालन गरेको स्वास्थ्य बिमा बोर्डको कार्यक्रम सामाजिक सुरक्षाको अत्यन्त महत्वपूर्ण आधार बनेको छ। यसले विशेषगरी आर्थिक रूपमा कमजोर, विपन्न तथा दीर्घरोगी नागरिकलाई उपचार सेवामा ठूलो राहत प्रदान गरेको छ।

तथापि, हाल स्वास्थ्य बिमासम्बन्धी सेवा अधिकांश जिल्ला केन्द्रमै सीमित रहँदा ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका नागरिकले सहज पहुँच पाउन कठिनाइ भोगिरहेका छन्। यस अवस्थामा स्वास्थ्य बिमा बोर्डको शाखा प्रत्येक पालिका/स्थानीय तहमा स्थापना गरी कम्तीमा एक जना स्वास्थ्य कर्मचारी खटाउने व्यवस्था गरिएमा कार्यक्रमको प्रभावकारिता, पहुँच तथा विश्वसनीयता उल्लेखनीय रूपमा वृद्धि हुने देखिन्छ। सो सम्बन्धमा निम्न सुझावहरू सम्मानपूर्वक प्रस्तुत गरिन्छः

१. प्रत्येक पालिकामा स्वास्थ्य बिमा सेवा केन्द्र स्थापना

हाल धेरै नागरिकले स्वास्थ्य बिमा नवीकरण, सदस्यता दर्ता, सेवा जानकारी तथा गुनासो व्यवस्थापनका लागि जिल्ला केन्द्रसम्म पुग्नुपर्ने बाध्यता छ। यसले समय, खर्च र झन्झट बढाइरहेको हुँदाः

प्रत्येक गाउँपालिका तथा नगरपालिकामा 'स्वास्थ्य बिमा सहायता तथा सेवा केन्द्र' स्थापना गरिनु आवश्यक छ।

उक्त केन्द्र पालिकाको स्वास्थ्य शाखा वा आधारभूत अस्पतालसँग समन्वय गरी सञ्चालन गर्न सकिन्छ।

नागरिकले आफ्नै पालिकाबाट निम्नलिखित सेवाहरू प्राप्त गर्ने व्यवस्था हुनुपर्छः

बिमा दर्ता तथा नवीकरण
कार्ड वितरण
सदस्य विवरण सच्याउने
सेवा सम्बन्धी आधिकारिक जानकारी

अपेक्षाः यसबाट ग्रामीण क्षेत्रका नागरिकको पहुँच सहज भई स्वास्थ्य बिमा कार्यक्रममा सहभागिता उल्लेख्य रूपमा बढ्नेछ।

२. प्रत्येक पालिकामा एक जना स्वास्थ्य बिमा कर्मचारीको व्यवस्था

कार्यक्रमलाई प्रभावकारी र उत्तरदायी बनाउन दक्ष तथा जिम्मेवार जनशक्ति अनिवार्य हुन्छ। त्यसैलेः

प्रत्येक पालिकामा कम्तीमा एक जना "स्वास्थ्य बीमा संयोजक" वा स्वास्थ्य कर्मचारी खटाइनुपर्छ र उनीहरूलाई स्वास्थ्य बिमा सम्बन्धी विशेष तालिम प्रदान गरिनुपर्छ।

कर्मचारीको मुख्य जिम्मेवारीः

नागरिकलाई बिमाबारे जानकारी दिने र घरदैलो सचेतना कार्यक्रम सञ्चालन गर्ने।

बिमा नवीकरण अभियान सञ्चालन र सेवा उपयोगमा सहजीकरण गर्ने।

नागरिकका गुनासो तथा समस्याहरूको तत्काल समाधान गर्ने।

विशेषगरी अशिक्षित, ज्येष्ठ नागरिक तथा दुर्गम क्षेत्रका बासिन्दाका लागि यस्ता कर्मचारी अत्यन्त उपयोगी हुनेछन्।

३. डिजिटल प्रणालीलाई स्थानीय तहसम्म विस्तार

सूचना प्रविधिको युगमा डिजिटल सेवा विस्तार नगरी कार्यक्रम पूर्ण रूपमा प्रभावकारी बन्न सक्दैन। त्यसैलेः

प्रत्येक पालिकामा अनलाइन बिमा प्रणाली सञ्चालन गर्न आवश्यक कम्प्युटर, इन्टरनेट तथा प्राविधिक पूर्वाधार उपलब्ध गराइनुपर्छ।

नागरिकले मोबाइल एप वा अनलाइन प्रणालीमार्फत् नवीकरण, प्रिमियम भुक्तानी, सदस्यता स्थिति हेर्न र आबद्ध अस्पतालहरूको सूची प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ।

स्वास्थ्य बिमा बोर्ड र स्थानीय तहबिच एकीकृत डेटा समन्वय प्रणाली (Data Coordination System) विकास गरिनुपर्छ कम गर्नेछ।

४. व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम

धेरै नागरिक अझै पनि स्वास्थ्य बीमाको महत्व, सेवा सुविधा तथा प्रक्रियाबारे पूर्ण जानकारीबाट वञ्चित छन्, जसले गर्दा सहभागिता कम देखिएको छ। त्यसैलेः

प्रत्येक पालिका र वार्ड स्तरमा नियमित रूपमा जनचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ।

विद्यालय, महिला समूह, आमा समूह, युवा क्लब तथा सामुदायिक संस्थामार्फत् प्रचार अभियान चलाइनुपर्छ।

स्थानीय रेडियो, एफएम, सामाजिक सञ्जाल तथा स्वास्थ्य शिविरमार्फत सूचना प्रवाह गरिनुपर्छ।

स्थानीय भाषा र सुन्न/बुझ्न सहज हुने गरी सञ्चार सामग्रीहरू तयार गरिनुपर्छ।

५. स्वास्थ्य संस्थाको सेवा र गुणस्तरमा सुधार

स्वास्थ्य बिमा कार्यक्रमप्रति कतिपय नागरिकमा असन्तुष्टि देखिनुको प्रमुख कारण सेवा प्रवाह र गुणस्तरमा कमजोरी हुनु हो। यसलाई सुधार्नः

बीमासँग आबद्ध स्वास्थ्य संस्थाहरूमा औषधि, आवश्यक उपकरण तथा स्वास्थ्य जनशक्तिको पर्याप्तता सुनिश्चित गरिनुपर्छ।

बिरामीलाई सम्मानजनक व्यवहार तथा छिटोछरितो सेवा दिने व्यवस्था मिलाइनुपर्छ।

अनावश्यक प्रशासनिक झन्झट, प्रेषण प्रणालीको दुरुपयोग तथा ढिलासुस्ती नियन्त्रण गरिनुपर्छ।

सेवाग्राहीको सन्तुष्टि मापनका लागि नियमित मूल्यांकन प्रणाली लागू गरिनुपर्छ।

६. स्थानीय तहसँग सहकार्य र उत्तरदायित्व

स्वास्थ्य बिमा कार्यक्रमलाई स्थानीय सरकारको अपनत्व रहने गरी जोड्दा यसको प्रभावकारिता अझ बढी दिगो हुन्छ।

**त्यसैलेः**

बिमा कार्यक्रम कार्यान्वयन र सचेतनाका लागि स्थानीय पालिकालाई निश्चित जिम्मेवारी र अधिकार प्रदान गरिनुपर्छ।

बीमा कार्यक्रममा उत्कृष्ट कार्य गर्ने पालिकाहरूलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनुपर्छ।

जनप्रतिनिधि, स्थानीय स्वास्थ्य संस्था र स्वास्थ्य बिमा बोर्डबिच नियमित अनुगमन तथा समन्वय समिति गठन गरिनुपर्छ।

७. विपन्न तथा जोखिम समूहलाई विशेष सहुलियत

स्वास्थ्य बिमाको मूल उद्देश्य सामाजिक सुरक्षा र न्याय भएकाले कमजोर वर्गलाई पहिलो प्राथमिकतामा राख्नुपर्छः

अति विपन्न, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूलाई विशेष सहुलियत तथा प्राथमिकता दिइनुपर्छ।

दलित, पिछडिएको समुदाय तथा दुर्गम क्षेत्रका नागरिकका लागि निःशुल्क वा अत्यधिक सहुलियतपूर्ण बीमाको व्यवस्था गर्न सकिन्छ।

स्थानीय तहले यस्ता लक्षित परिवारहरूको पहिचान गरी बीमा कार्यक्रममा अनिवार्य आबद्ध गराउने नीति लिनुपर्छ।

**निष्कर्ष**

स्वास्थ्य बिमा कार्यक्रम नेपालको स्वास्थ्य सुरक्षा प्रणालीको मेरुदण्ड हो। यसको प्रभावकारिता वृद्धि गर्न सेवालाई नागरिकको घरदैलोमै पुऱ्याउनु आवश्यक छ। त्यसैले प्रत्येक पालिका/स्थानीय तहमा स्वास्थ्य बिमा बोर्डको शाखा स्थापना गरी प्रशिक्षित स्वास्थ्य कर्मचारी खटाउने व्यवस्था आजको मुख्य आवश्यकता हो।

**यस कदमलेः**

नागरिकको पहुँचमा वृद्धि र बिमा सहभागिताको विस्तार गर्नेछ।

सेवा प्रवाहमा सहजता र पारदर्शिता ल्याउनेछ।

कार्यक्रमप्रति जनविश्वास अभिवृद्धि गर्दै सार्वभौमिक स्वास्थ्य पहुँचको राष्ट्रिय लक्ष्य हासिल गर्न ठूलो योगदान पुऱ्याउनेछ।

अतः माथि उल्लेखित व्यावहारिक सुझावहरूलाई आगामी वर्षको नीति तथा कार्यक्रममार्फत कार्यान्वयन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु। स्वास्थ्य खबरबाट

# अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिँदै पोखरा



गण्डकी । फ्लाइ दुबईले आगामी असोज ७ गतेदेखि पोखरा-दुबई सिधा उडान सेवा सुरु गर्दैछ । विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने छ । सञ्चालनमा आएको तीन वर्ष बितिसक्दासमेत पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन ।

सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि यात्रु संख्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा-दुबई उडान पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो । यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले दुबई-पोखरा-दुबईको उडान तालिका स्वीकृत भएसँगै फ्लाई दुबईले टिकट बुकिङ खुला गरिसकेको बताए । "पोखराको अन्तरराष्ट्रिय हवाई पहुँच विस्तारमा यो महत्वपूर्ण उपलब्धि हो, यसले सिङ्गो गण्डकी प्रदेश र मुलुकलाई नै प्रत्यक्ष लाभ पुग्छ", उनले भने -"पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई धेरै सहजता थपिन्छ, यात्राअवधि छोटिँदा खर्च पनि घट्छ ।"

पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरु सिधैँ पोखरा आउन सक्ने महाप्रबन्धक निरौलाले बताए । वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पोखरा-दुबई उडान सेवा लाभदायी हुने देखिएको छ ।

विश्वकै व्यस्त र महत्वपूर्ण मानिने हवाई ट्रान्जिट हब दुबईमा हुने उडानले अन्तरराष्ट्रिय क्षेत्रमा पोखराको सिधा हवाई पहुँच पुग्ने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताए । उनका अनुसार फ्लाइ दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक कोडसेयर साझेदारीअन्तर्गत पोखरा-दुबई उडान सेवा सञ्चालन हुनेछ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा अमेरिकी सहरहरुमा पुग्ने यात्रुहरुले एउटै टिकटबाट यात्रा गर्न सक्ने र गन्तव्यसम्म पुग्दा कुनै झण्झट नुहने प्रमुख आचार्यले जनाए ।

इमिरेट्स एयरलाइन्सले दुबई अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल ३ लाई आफ्नो प्रमुख हब बनाएर विश्वका छवटा महादेशका ७६ देशमा रहेका १४३ भन्दाबढी देशहरुमा जोड्दै आएको उनको भनाइ छ । पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक निरौलाले एयरलाइन्सहरुबीच हुने कोडसेयर साझेदारीले यात्रुको ट्रान्जिटलाई सहज बनाउने बताए । "पोखरादेखि दुबई हुँदै अन्य देशमा जाने यात्रुहरु एउटै टिकटबाट यात्रा गर्न सक्छन्, लगेज आफैँ सार्नुपर्ने झण्झट पनि हुँदैन", उनले भने-"दुबईसम्म एउटा विमानले यात्रु बोक्छ, त्यहाँ ट्रान्जिटपछि अर्को विमानले गन्तव्यमा पुर्‍याउँछ ।"

पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो । त्यसअघि फ्लाई दुबईको टोलीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण गरेको थियो । सरकारले आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको हो ।

विमानस्थलका महाप्रबन्धक निरौलाले पोखराबाट उडान सेवा सुरु गर्न एयर अरेबियाले चासो देखाएको बताए । "पोखराबाट अन्तरराष्ट्रिय उडान सञ्चालनको दिगोपनाका लागि निजी क्षेत्रलगायत सबै पक्षको सकारात्मक सहयोगको खाँचो छ", उनले भने-"पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुँदा मुलुकको पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा पुग्छ, सर्वसाधारण यात्रुहरुले सहज सुविधा पाउँछन् ।"

पोखरा अन्तरराष्ट्रिय विमानस्थल नेपालको तेस्रो अन्तरराष्ट्रिय हवाई प्रवेशद्वारका रहेको छ । काठमाडौँ केन्द्रित रहेको हवाई चापलाई विकेन्द्रीकरणसँगै पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिका लागि पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुनुपर्ने आवाज उठ्दै आएको छ । दुबईसँग प्रत्यक्ष हवाई सम्पर्क स्थापित हुँदा मध्यपूर्व, युरोप, अफ्रिका लगायतका ३०० भन्दा बढी सहरहरूसँग पोखराको पहुँच पुग्ने जनाइएको छ ।

झण्डै रु २२ अर्ब ऋणमा बनेको यस विमानस्थल हाल आन्तरिक उडानमा मात्र सीमित छ । सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन गरिएको थियो । स्वदेशी वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सङ्घीय राजधानी काठमाडौँ, भरतपुर, भैरहवालगायतका गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन् ।

पोखरामा अन्तरराष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन । अन्तरराष्ट्रिय विमानस्थल बनेपछि ठूलो संख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानको पर्खाइमा छन् ।

पोखरा-दुबई सिधा उडानले पोखरा र सिङ्गो गण्डकी प्रदेशको आर्थिक समृद्धिको ढोका खुल्ने उद्योग वाणिज्य महासङ्घ, गण्डकीका अध्यक्ष नरेश कँडेलले जनाए । "गण्डकी प्रदेशबाट मध्यपूर्वका देशदेखि युरोप, अमेरिकासम्म रोजगार र अध्ययनका लागि जानेको संख्या ठूलो छ", उनले भने-"पोखरा-दुबई उडानले ती यात्रुलाई घर आउन सहज र कम खर्चिलो बन्नेछ, पोखरालगायत आसपासका गन्तव्यमा आउने पर्यटक अब सिधैँ पोखरा आउन पाउँछन् ।"

# गण्डकी प्रदेशमै उत्कृष्ट बन्यो गलकोट नगर अस्पताल



गलकोट । बागलुङको गलकोट नगर अस्पतालले न्यूनतम सेवा मापदण्ड सूचकमा गण्डकी प्रदेशमै उत्कृष्ट घोषणा भएको छ । न्यूनतम सेवा मापदण्ड सूचक (एमएसएस) मूल्याङ्कनमा पालिकास्तरका अस्पतालमा सबैभन्दा बढी अङ्क प्राप्त गरेको हो ।

गण्डकी प्रदेशभरिका स्थानीय तहबाट सञ्चालित आधारभूत अस्पतालहरूमध्ये गण्डकी प्रदेशमै ७१ प्रतिशत अङ्क प्राप्त गरी प्रथम स्थान हासिल गरेको अस्पतालका प्रमुख डा. राजेश पौडेलले बताए । सुशासन तथा व्यवस्थापन, क्लिनिकल सेवा व्यवस्थापन, स्वास्थ्य संस्था सहयोग व्यवस्थापनलगायत विभिन्न सूचकका आधारमा गरिएको मूल्याङ्कनमा अस्पतालले कुल ७१ प्रतिशत प्राप्ताङ्क हासिल गरेको उनले जानकारी दिए ।

अस्पालको जग्गा व्यवस्थापन, भवन, फोहर व्यवस्थापन, अस्पतालको सेवा सुविधालगायत विवरणअनुसार अस्पतालले सेवा प्रवाह, संस्थागत व्यवस्थापन र स्वास्थ्य सेवाको गुणस्तर सुधारमा उल्लेखनीय प्रगति हासिल गरेको छ । स्थानीय तहको स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी र सेवामुखी बनाउन अस्पतालले निरन्तर सुधारका प्रयासमा यो नतिजाले थप हौसला प्रदान गरेको डा. पौडेलको भनाइ छ ।

अस्पताल प्रशासनले आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, उत्तरदायी र नागरिकमैत्री बनाउँदै डा. पौडेलले उपलब्धिलाई निरन्तरता दिने प्रतिबद्धता गर्दै गलकोट नगरपालिकाको पनि सहयोग रहेको उल्लेख गरे ।

# वन्यजन्तुसँग साक्षात्कार गराउँदै कुम ठाकुर



महेन्द्रनगर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अवलोकन भ्रमणका लागि आउने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइँमा पर्ने गरेका छन्, यहाँका कुम ठाकुर । परिपक्व अनुभव बटुलेका कारण पर्यटकको रोजाइँमा उनी परेका छन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ नयाँबस्तीका ३७ वर्षीय ठाकुर 'नेचरगाइड' हुन् । "सिनियर नेचर गाइड भएकाले शुक्लाफाँटामा पर्यटक लिएर जानेमध्ये अग्रस्थानमै पर्छु," ठाकुरले भने-"विदेशमा पसिना बगाएर दुःख गर्नुभन्दा घर आगँनमै पर्यटकलाई वन्यजन्तु र पर्यावरणसित साक्षात्कार गराउन पाउँदा खुसी छु ।"

नेचरगाइड एसोसिएसन शुक्लाफाँटाको अध्यक्षसमेत रहेका ठाकुर शुक्लाफाँटाबारे निकै जानकार भइसकेका नेचरगाइड हुन । "२००९ मा मलेसिया गएको तीन वर्षपछि सन् २०१२ को अन्तिमतिर फर्किएर नेचरगाइडको काममा लागेँ", उनले भने-"१३ वर्षदेखि निरन्तर शुक्लाफाँटा निकुञ्जमा नेचरगाइडका रुपमा काम गर्दैछु ।"

सन् २००७ मा नेचरगाइड तालिम लिएका ठाकुरले गर्मीयाममा शुक्लाफाँटामा धेरै वन्यजन्तु सहजै देख्न सकिने बताउँछन् । "पर्यटकलाई कुन क्षेत्रमा कुन वन्यजन्तु भेटिन्छ भन्नेबारे थाहा भएअनुरुप नै घुमाउँछु", उनले भने-"शुक्लाफाँटा निकुञ्ज दुर्लभ वन्यजन्तु र वनस्पतिका लागि प्रख्यात छ ।" उनले यहाँ चरा हेर्न धेरै विदेशी पर्यटक आउने गरेको बताए ।

नेचर गाइडसँगै फोटोग्राफरको समेत काम गरिरहेका ठाकुरले प्रायः शुक्लाफाँटामा पाइने वन्यजन्तुको तस्विर/भिडियो पनि कैद गरेका छन् । "चर्चित फोटोग्राफरदेखि मोडल, कलाकार, भ्लगरलाई यहाँ घुमाएको छु", उनले भने-"चरा हेर्न आउने विदेशी पर्यटक यहाँको माहोलमा रमाइलो मानेर जान्छन् ।"

शुक्लाफाँटाको अवस्था, वस्तुस्थिति र भूगोलबारे जानकार भइसकेका ठाकुरले गर्मी मौसममा महिनामा १० देखि १५ पटक पाटे बाघ देखिने गरेको जनाए । यहाँ बढी सङ्ख्यामा पर्यटक फागुनदेखि जेठ अन्तिमसम्म आउने गरेका छन् । "कोभिडपछि केही समय पर्यटक आवागमन प्रभावित भयो । दसैँतिहारका बेला पनि यहाँ अवलोकनका लागि जानेको लर्को हुन्छ । फोटोग्राफर र वर्डवाचरलाई धेरै आउँछन् । चार सय ६५ भन्दा बढी प्रजातिका चराचुरुङ्गी यहाँ छन्", उनले भने-"आन्तरिक पर्यटक बाघ र बाह्य पर्यटक चरा हेर्न बढी रुचाउँछन् । बाह्रसिङ्गे भनेर हेर्न आउने पर्यटकको संख्या पनि छ ।"

शुक्लाफाँटा जङ्गल कटेजमा कार्यरत ठाकुरले नेचरगाइडको कामबाट मासिक रु २५ देखि ३० आम्दानी हुने गरेको बताए । "यहाँ जीप सफारी र जङ्गल वाक मात्रै छ । भविष्यमा थप योजना ल्याउन सके पर्यटक बढी भित्रिन्छन्", उनले भने-"पर्यावरणमा रमाउने बानी परेका पर्यटकका लागि शुक्लाफाँटा उत्कृष्ट गन्तव्य हो ।"

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मुल रहेको मझगाउँ र नयाँ बस्ती क्षेत्रमा मात्रै १०/१२ जना नेचरगाइड भूमिकामा काम गर्छन् । "जुनियर गाइडको रु एक हजार र चरा हेर्न जाने पर्यटकबाट रु दुई हजारभन्दा माथि आम्दानी हुन्छ ।"-उनले भने ।

तीन सय पाँच वर्गकिलोमिटरमा रहेको शुक्लाफाँटामा आहरा प्रजाति प्रशस्त छ । नेचरमा अध्ययन खोज्नेको उचित ठाउँ पनि हो ।" मुलुकमै ठूलो घाँसे मैदान र थोरै क्षेत्रफलमा धेरै दुर्लभ वन्यजन्तु र वनस्पति वन्यजन्तु हेर्न मिल्ने भएकाले यहाँ भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको संख्या बढिरहेको छ ।

उनले बाघ यहाँको रानीताल, बाबाताल, सालगौडी ताल, चौधर खोला, शिकारी ताल, घाँसे मैदान र बर्कौला क्षेत्रमा बढी देखिने गरेको बताए ।

# पर्यटक आकर्षणको केन्द्र बन्दै 'जन्तीढुङ्गा' क्षेत्र



दाङ । पछिल्लो समय तुलसीपुर उप-महानगरपालिका-१३ स्थित जन्तीढुङ्गा पर्यटनको आकर्षणको केन्द्र बनेको छ ।

त्यस स्थानको अवलोकन गर्न जानेहरुले तस्बिर लिने र टिकटक बनाएर 'पोष्ट' गर्ने भएकाले जन्तीढुङ्गाको लोकप्रियता दिनानुदिन बढेको छ । सिद्धहस्त मूर्तिकारले कुँदेका जस्ता एकै ठाउँमा हजारौँ ढुङ्गा रहेकाले त्यस क्षेत्र महत्वलाई उजागर गरेको छ । झाँक्री ढुङ्गा सामुदायिक बन क्षेत्रमा रहेका हजारौँ ढुङ्गा स्थानीयकाबिच 'जन्तीढुङ्गा' नामले परिचित छ । आदिकालमा त्यसस्थानमा विवाहका लागि हिँडेका 'जन्ती बिलाएको' भन्ने किम्वदन्ती छ ।

विभिन्न मूर्तिआकारमा देखिने त्यहाँका ढुङ्गा नै त्यस बेला विलाएका जन्ती र दुलहा-दुलही रहेको स्थानीयको भनाइ छ । "हामी स-साना हुँदा यो बाटो हिँड्नुहुँदैन, त्यो जन्ती विलायको ठाउँ हो, हामी पनि हराउँछौँ भनी बूढापाकाले भन्ने गरेको किम्वदन्ती सुनाउँदै स्थानीय लिलाधर भट्टराईले भने-"त्यही भएर हामी यो बाटो पनि हिँड्दैनथ्यौँ ।"

त्यस समयमा बेलुका जन्तीले विश्राम लिएको र बिहान भएपछि अलमलमा परी त्यही अपल भएको भन्ने बूढापाकाको भनाइ उधृत गर्दै उनले भने-"पछिल्लो समय त्यसप्रति जनचासो र कौतुहलता बढेको छ । पछिल्ला दिनहरुमा अवलोकन गर्न आउनेको संख्या ह्वात्तै बढेको छ ।"

उक्त संस्थानको आवश्यकरुपमा प्रचारप्रसार गरेमा देशकै महत्वपूर्ण पर्यटकीयस्थल बन्न सक्ने स्थानीयको भनाइ छ । त्यस क्षेत्रको संरक्षणका लागि जन्तीढुङ्गा संरक्षण समिति समेत गठन गरिएको छ । पर्यटकको चहलपहल बढेसँगै अस्थायी प्रकृतिका पसल र भौतिक पूर्वाधारका काम अघि बढेको छ । थानीय जागेश्वर वलीका अनुसार, पछिल्ला दिनमा त्यहाँ पुग्नेको संख्या बढिरहेको छ ।

तुलसीपुर उपमहानगर १३ र १४ को सिमानामा पनि झाँक्री ढुङ्गा सामुदायिक बनको डाँडोमा त्यस्ता ढुङ्गा रहेको पाइएको छ । त्यस क्षेत्रको प्रसार प्रसारसहित संरक्षण र भ्यूटावर निर्माण गर्न सकेमा दाङसहित छिमेकी जिल्लाको धेरै भू-भाग अवलोकन गर्न सकिने छ ।

# अत्यधिक गर्मी बढेसँगै विद्यालयमा चार दिन बिदा




घोराही । लमही नगरपालिकाले पछिल्लो समय अत्यधिक गर्मी बढेपछि नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा चार दिन गर्मी बिदा दिने निर्णय गरेको छ । नगर शिक्षा समितिको निर्णयअनुसार विद्यालयहरूमा असार ९ गतेदेखि १२ गतेसम्म बिदा दिइएको हो ।

हालको उच्च तापक्रम र बढ्दो गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्नसक्ने अवस्थालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको नगरपालिकाले जनाएको छ । लमही नगरपालिकाको शिक्षा शाखाले जारी गरेको सूचनामा वार्षिक बिदाबाट कट्टा हुने गरी गर्मी बिदा दिने निर्णय गरिएको उल्लेख छ । साथै सम्बन्धित सबै विद्यालयलाई सोही अनुसार जानकारी गराइएको सूचनामा उल्लेख छ ।

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/०९

डिभिजन वन कार्याल कपिलवस्तु(कपिलवस्तु) तौलिहवाको च.न.३२६१ अनुसार आर्थिक वर्ष २०८३/०८३ मा उत्पादन भएको, मिति २०८३/३/८ को निर्णय अनुसार यस सामुदायिक वन उपभोक्ता समूह बुद्धभूमि नगरपालिका-२ कपिलवस्तुको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको विभिन्न जातको (साल, कुसुम, अस्ना, दबदबे, बर्रो र अन्य जातको A,B,C,D र N ग्रेडका आन्तरिक बिक्री वितरणका लागि जम्मा १६३ गोलिया थान १२२४.४५ क्यूफिट, चारचट्टा र बाह्य बिक्री वितरणका लागि २१२ गोलिया थान, १५९५.८३ घनफिट आठचट्टा सहित कुल ३७५ गोलिया थान, २८२०.२८ घनफिट, १२ चट्टा काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री देउराली सामुदायिक वन उपभोक्ता समूह**

बुद्धभूमि नगरपालिका २, कपिलवस्तु

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



भूमे नाच

थवाङ्गी समाज सेवा समिति दाङको आयोजनामा भूमे पर्वका अवसरमा घोराही उप-महानगरपालिका-१३ स्थित बडहरामा जारी भूमे नाच कार्यक्रमको सातौँ दिन आइतबार परम्परागत मगर भेषभूषामा सजिएर भूमे नाच प्रस्तुत गर्दै मगर समुदाय । भूमे पर्व मगर समुदायको सांस्कृतिक पहिचान र परम्परासँग जोडिएको प्रमुख पर्वका रूपमा मनाइन्छ । तस्विरः रासस

# कर्णाली र सूपका बहुमत नेता एमाले पुनर्गठनको पक्षमा

बुटवल । नेकपा (एमाले) कर्णालीमा पार्टी पुनर्गठनको व्यापक आवाज उठेको छ । नेकपा एमाले सुझाव संकलन कार्यादलको आयोजनामा भएको पुनर्गठनसम्बन्धी सुझाव संकलन कार्यक्रममा नेतृत्व परिवर्तनको आवाज उठेको हो ।

नेकपा एमालेका एक नेताकाअनुसार सोमबार भएको उक्त कार्यक्रममा कर्णाली प्रदेशका १० जिल्लामध्ये अहिलेसम्म ६ वटा जिल्लाका जिल्ला पदाधिकारी तथा केन्द्रीय सदस्यहरूले आफ्ना सुझाव राखिसकेका छन् ।

ती नेताका अनुसार ६ जिल्लाबाट ३७ जना नेताहरूले आफ्नो सुझाव राखेका थिए । सुझाव राखेका मध्ये ३४ जनाले पुनर्गठको पक्षमा र ३ जनाले पुनर्गठनको विपक्षमा मत राखेका छन् ।

बाँकी ४ जिल्लाको सुझाव लिन बाँकी रहेको एमालेले जनाएको छ । नेकपा एमालेको सुदूरपश्चिम प्रदेशस्तरीय सुझाव संकलन कार्यक्रममा अधिकांश नेता तथा कार्यकर्ताले पार्टी पुनर्गठनको आवश्यकता औंल्याएका छन् । प्रदेश कमिटीले धनगढीमा आयोजना गरेको कार्यक्रममा जिल्ला अध्यक्ष, प्रदेश पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको ठूलो हिस्साले नेतृत्वदेखि संगठनसम्म पुनर्गठन गर्नुपर्ने धारणा राखेका हुन् ।

पार्टी केन्द्रका उपाध्यक्षहरू रामबहादुर थापा, विष्णु पौडेल, पृथ्वीसुब्बा गुरुङ तथा महासचिव शंकर पोखरेलको उपस्थितिमा भएको कार्यक्रम करिब १३ घण्टा चलेको थियो । सुझाव संकलन कार्यक्रमअघि पार्टी अध्यक्ष केपी शर्मा ओलीले भर्चुअल सम्बोधन गर्दै नेताहरूलाई आफ्नो धारणा निर्धक्क राख्न आग्रह गरेका थिए । सो क्रममा ओलीले अन्यत्र जस्तै 'विभिन्न खालका मानसिकता' बोकेर पुगेका नेताहरुलाई धेरै महत्व दिन जरुरी नभएको भन्दै आफ्ना कुरा ढुक्कले राख्न भनेका थिए । तर, ओलीको उक्त निर्देशनअनुसारकै राय दिने नेताको संख्या न्यून देखिएको कार्यक्रममा सहभागी एक नेताले बताए ।

'उहाँ(अध्यक्ष)ले अन्य प्रदेशमा जस्तै त्यहाँ पनि केही व्यक्तिहरु विभिन्न नाममा आएका छन् । उनीहरुलाई धेरै महत्व दिन जरुरी छैन भन्दै सम्बोधन गर्नुभएको थियो,' ती नेताले भने- 'आफ्नो कुरा निर्धक्क राख्नुहोला भन्नुभयो तर, उहाँको निर्देशनभन्दा ठीक उल्टो नेताहरु पार्टी पुनर्गठनको पक्षमा उभिनुभएको छ ।'

कार्यक्रममा सहभागी सबै जिल्ला र प्रदेशका पदाधिकारी तथा केन्द्रीय सदस्यहरुले पालैपालो धारणा राखेका थिए । बैठकमा डडेल्धुरा बाहेक सबै(८) जिल्लाका अध्यक्ष सहभागी थिए । कैलाली अध्यक्ष यज्ञराज ढुंगानाले पार्टी अध्यक्षकै सहमतिअनुसार पुनर्गठन गर्नुपर्ने बताएका थिए । तर उनका अन्य पदाधिकारीले भने पुनर्गठनको पक्षमा उभिएर ओलीको विकल्प आवश्यक भइसकेको धारणा राखे ।

डोटी जिल्ला अध्यक्ष मन्जु मलासीले पनि अहिले ओलीको विकल्प खोज्नु गलत भएको दाबी गर्दै नेतृत्व गर्न सक्ने व्यक्ति अरु नभएको बताएकी थिइन्, तर अन्य पदाधिकारी भने पुनर्गठनको पक्षमा बोलेका थिए । अछाम, बाजुरा र डडेल्धुरा कमिटीले पनि पार्टी पुनर्गठनबारे लिखित प्रतिवेदन बुझाएका छन् । दार्चुला अध्यक्ष ज्ञानेन्द्र घर्तीले पार्टी एकतामा जोड दिएका छन् । पार्टी विभाजन हुने गतिविधि गर्न नहुने बताएका उनले सिंगो जिल्ला सूर्य चिह्न र एमाले भएकै ठाउँमा उभिने धारणा राखेका थिए ।

बझाङका पदाधिकारीले पनि पार्टी पुनर्गठनको पक्षमा धारणा राखे तर प्रतिनिधि सभाका एमाले प्रमुख सचेतक समेत रहेका सांसद ऐनबहादुर महरले बझाङ पार्टीको संस्थागत निर्णयको पक्षमा उभिने बताएका थिए ।

कार्यक्रममा कतिपय नेताले अध्यक्ष ओली मात्र नभएर वडादेखि केन्द्रीय कमिटीसम्मै पार्टी पुनर्गठन हुनुपर्ने धारणा राखेका छन् । कार्यक्रममा लिखित प्रतिवेदन प्रस्तुत गरेका अछाम जिल्ला अध्यक्ष शिवप्रसाद उपाध्यायले वडा तहसम्मै पुनर्गठनको माग गरेका थिए ।

प्रदेश अध्यक्ष कृष्णप्रसाद जैशीसहित अन्य पदाधिकारीले पनि पार्टी पुनर्गठनमा जोड दिएका थिए । सुझाव संकलन कार्यक्रममा सुदूरपश्चिम भूगोलका केन्द्रीय सदस्यहरु पनि सहभागी थिए । उनीहरुले पनि आफ्नो धारणा राखेका छन् । अरुको तुलनामा युवा केन्द्रीय सदस्य नरेश रोकाया र गोविन्द गिरी अरुभन्दा चर्को सुनिएका थिए ।

अध्यक्ष ओली मात्र नभएर सिंगो पार्टी कमिटी नै पुनर्गठनको पक्षमा उनीहरु उभिएका थिए । 'केपी ओलीलाई मात्र देखाएर तपाईंहरु पन्छिन पाउनुहुन्न । महाधिवेशनमा उहाँकै टिममा लागेर पद हात पार्ने तपाईं सबै जनाले पार्टीबाट बिदा लिनुपर्छ,' रोकायाले भने-'सिंगो पार्टी नै पुनर्गठन गर्नुपर्छ । अहिलेसम्मको परिणामको भागेदार तपाईंहरु सबै जना हो ।'

नेता कर्णबहादुर थापा, प्रदेश इन्चार्ज दामोदर भण्डारी, कमला ओली, सन्तोश शर्मा थापा, गौरीशंकर चौधरी लगायतका केन्द्रीय सदस्यले पनि पार्टी पुनर्गठनको पक्षमा बोलेका थिए । प्रतिनिधिसभा सदस्य गणेश सिंह ठगुन्नाले जिल्ला अध्यक्ष घर्तीकै लाइनको कुरा गर्दै पार्टी विभाजन गर्ने कुरा राम्रो नहुने धारणा राखेका थिए ।

बाजुराका लालबहादुर थापाले भने अध्यक्षलाई दोष लगाएर अन्य पदाधिकारी उम्किन नपाउने बताएका थिए ।

# विवादले रास्वपाको बन्द सत्र स्थगित

बुटवल । रास्वपाको बन्द सत्र स्थगित भएको छ ।

महाधिवेशन प्रतिनिधिमा थपघट र मधेश प्रदेशमा देखिएको विवादका कारण बन्द सत्र सुरु हुन नसकेको हो ।

रास्वपाका स्रोतका अनुसार, बन्द सत्रका कार्यक्रम स्थगित गरेर विवादका विषयहरू टुंगो लगाउने गरी तयारी गरिएको हो ।

बन्द सत्रमा सहभागी हुन सोमबार बिहानैदेखि महाधिवेशन प्रतिनिधिहरू पुगेका थिए । उनीहरू दिनभर कुरेर बसे पनि अन्तिम समयमा बन्द सत्र स्थगित भएको हो ।

# मालिकामा बेसारको 'ब्रान्डिङ'



गुल्मी । गुल्मीको मालिका गाउँपालिकामा बेसारको 'ब्रान्डिङ' गर्न सुरुआत गरिएको छ । मालिका -२ दर्लिङमा बेसारको 'प्याकेटिङ' गरी बिक्रीवितरण गर्न थालिएको हो ।

जनविकास केन्द्रद्वारा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजनाअन्तर्गत गठन भएको दिदीबहिनी कृषि तथा पशु विकास महिला सहकारीले बेसारको उत्पादन गरी बिक्री वितरण गरिएको हो ।

परियोजनाले उपकरण र अन्य उपकरण सहयोग गरेपछि महिलाहरुले बेसार उद्योग सञ्चालन गरेका हुन् । अहिले बेसारको मूल्य प्रतिकेजी रु ४०० रहेको परियोजना संयोजक बाबुराम पन्थीले जानकारी दिए । सहकारीमा हाल मालिका १, २ र ३ का महिलाहरु आबद्ध छन् ।

सहकारीले बेसारका साथसाथै स्थानीय उत्पादन आटो, पिठोलगायतका खाद्यान्न पनि बिक्री वितरण गर्ने लक्ष्य राखेको छ । हाल परियोजनाले मालिका गाउँपालिकामा कृषि र पशुसम्बन्धी उत्पादन र उत्पादकत्वसम्बन्धी काम गर्दै आएको परियोजना संयोजक पन्थीले बताए ।

# लुम्बिनीको बजेट छलफल किन सऱ्यो ?

बुटवल । लुम्बिनी प्रदेशसभाको सोमबार बस्ने तय भएको बैठक एक दिनका लागि स्थगित गरिएको छ । प्रदेशसभा सचिव दुर्लभकुमार पुनमगरद्वारा जारी सूचनाअनुसार सोमबार दिउँसो १:०० बजे बस्ने गरी पूर्वनिर्धारित आठौं अधिवेशनको दशौं बैठक लुम्बिनी प्रदेश सरकारको विशेष अनुरोधमा स्थगित गरिएको हो ।

सूचनामा जनाइएअनुसार सभामुखको निर्देशनमा उक्त बैठक अब आज ९ गते मंगलबार दिउँसो ३:०० बजे बस्ने गरी तय गरिएको छ । लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम १२ को उपनियम (३) बमोजिम प्रदेशसभा सदस्यहरूको जानकारीका लागि बैठक स्थगितसम्बन्धी सूचना प्रकाशित गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ । सांसदहरूले बजेट विवरण अध्ययन गर्न नपाएकाले बैठक सारिएको हो ।

# कालिका मानवज्ञान माविमा कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई बधाई तथा शुभकामना




बुटवल । बुटवल-१० कालिकानगरमा रहेको कालिका मानवज्ञान माध्यमिक विद्यालय मा कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा आगामी शैक्षिक तथा व्यावसायिक यात्राका लागि शुभकामना व्यक्त गर्दै विशेष कार्यक्रम गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका ज्येष्ठ सदस्य तेजेन्द्र खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरूलाई सम्मान गर्दै उनीहरूको उज्ज्वल भविष्यको कामना गरिएको थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरूले विद्यार्थीहरूले विद्यालय जीवनमा हासिल गरेका उपलब्धिहरूको प्रशंसा गर्दै उच्च शिक्षा तथा जीवनका आगामी चुनौतीहरूलाई आत्मविश्वासका साथ सामना गर्न आग्रह गरे ।

कार्यक्रमका प्रमुख वक्ता तथा विद्यालयका पूर्व अध्यक्ष एवं शैक्षिक अभियन्ता होम गलामिले विद्यार्थीहरूलाई बधाई दिँदै शिक्षा नै व्यक्तित्व निर्माण र समाज परिवर्तनको महत्वपूर्ण आधार भएको बताए । उनले विद्यालयबाट प्राप्त ज्ञान, सीप र संस्कारलाई जीवनभर आत्मसात् गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउन विद्यार्थीहरूलाई प्रेरित गरे ।

त्यसैगरी विद्यालयका निवर्तमान अध्यक्ष नित्यानन्द ज्ञवाली ले उत्तीर्ण विद्यार्थीहरूलाई सफलताको शुभकामना व्यक्त गर्दै उच्च शिक्षामा अझ उत्कृष्ट नतिजा हासिल गर्न निरन्तर मेहनत गर्न सुझाव दिए । उनले अनुशासन, लगनशीलता र सकारात्मक सोचका माध्यमबाट जुनसुकै क्षेत्रमा पनि सफलता प्राप्त गर्न सकिने उल्लेख गरे ।

कार्यक्रममा विद्यालयका पूर्व प्रधानाध्यापक तथा मुख्य शैक्षिक सल्लाहकार एवं बुटवल कालिका क्याम्पस का प्रमुख घनश्याम पाठक ले विद्यार्थीहरूलाई बधाई ज्ञापन गर्दै विद्यालयले उत्पादन गरेका जनशक्तिले विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको बताए । उनले भविष्यका लक्ष्य स्पष्ट बनाएर अध्ययनलाई निरन्तरता दिन आग्रह गरे ।

विद्यालयका प्रधानाध्यापक दिनेश थापाले विद्यालयको शैक्षिक उन्नतिमा विद्यार्थी, अभिभावक र शिक्षकको साझा योगदान रहेको उल्लेख गर्दै उत्तीर्ण विद्यार्थीहरूको सफलताले विद्यालयलाई थप गौरवान्वित बनाएको बताए । उनले विद्यार्थीहरूको आगामी यात्रा सफल, सिर्जनशील र उपलब्धिमूलक रहोस् भन्ने शुभकामना व्यक्त गरे ।

कार्यक्रममा विद्यार्थीहरूले विद्यालयमा बिताएका अविस्मरणीय क्षणहरू स्मरण गर्दै शिक्षक तथा अभिभावकप्रति आभार व्यक्त गरेका थिए । बधाई तथा शुभकामना आदानप्रदानसँगै सम्पन्न कार्यक्रमले विद्यार्थीहरूमा थप उत्साह र आत्मविश्वास जगाएको सहभागीहरूले बताएका छन् ।

# नौ वर्षमा १९८ किलोमिटर सडक कालोपत्र

तुलसीपुर । घोराही उप-महानगरपालिकाले पछिल्लो नौ वर्षमा १९८ किलोमिटर सडक कालोपत्र गरेको छ ।

नगरप्रमुख नरुलाल चौधरीका अनुसार पछिल्लो नौ वर्षमा ४५८ किलोमिटर सडक स्तरोन्नति र ग्राभेल, २८० किलोमिटर नयाँ सडक निर्माण र ६८.३ किलोमिटर सडक मर्मत सम्पन्न भएको छ । नगरका सबै वडालाई केन्द्रसँग जोड्न २०७ कल्भर्ट र पाँच झोलुङ्गे पुल निर्माण गरिएका उनले बताए । शहरी सौन्दयीकरण र सरसफाइका लागि ९९ किलोमिटर ढल निर्माण तथा एउटा व्यवस्थित स्यानेटरी ल्यान्डफिल साइट सञ्चालनमा ल्याइएको छ । नदी नियन्त्रणका लागि २०.९ किलोमिटर क्षेत्रमा तटबन्ध निर्माण गरी बाढी र कटानको जोखिम कम गरिएको छ ।

खानेपानी र सिँचाइमा आत्मनिर्भरता नगरवासीलाई स्वच्छ खानेपानी पुऱ्याउने उद्देश्यका साथ १०८ कुवा र ७७ डिपबोरिङ निर्माण गरी हाल ९२ प्रतिशत घरमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिएको नगरप्रमुख चौधरीले बताउनुभयो । कृषि क्षेत्रलाई लक्षित गरी ४३ कृत्रिम जलाशय निर्माण गरिएका छन् । जसबाट ७३८ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको उनको भनाइ छ । ऊर्जा क्षेत्रमा ८७ किलोमिटर प्रसारण लाइन विस्तार र सातवटा सौर्य ऊर्जा प्लान्ट स्थापना गरिएको छ ।

नगरप्रमुख चौधरीका अनुसार शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा शिक्षा क्षेत्रमा २७ विद्यालय भवन र ३९ नयाँ कक्षाकोठा थपिएका छन् भने अधिकांश सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गरिएको छ । स्वास्थ्यतर्फ २८ स्वास्थ्य संस्थाका भवन निर्माण भएका छन् । सामाजिक सुरक्षाका क्षेत्रमा १७ हजार ३७४ लाभग्राहीलाई बैंकमार्फत रु ६३ करोड ५८ लाखभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

घोराहीले हालसम्म १३८ स्थानीय कानुन निर्माण गरी शासन प्रणालीलाई विधिसम्मत बनाएको छ । वडास्तरबाटै अनलाइन घटना दर्ता, अनलाइन नागरिकता सिफारिस र राजस्व सङ्कलनजस्ता विद्युतीय शासन प्रणाली लागू गरी सेवा प्रवाहलाई छिटो तथा पारदर्शी बनाइएको नगरप्रमुख चौधरीले बताए । वातावरण संरक्षणका लागि एक हजार ३०० थान इन्डक्सन चुलो र ४५० थान सुधारिएको चुलो वितरण गरी धुवाँमुक्त भान्सा अभियानलाई समेत सहयोग पुऱ्याइएको छ ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com